आज मिति २०७८ साल फागुन महिनाको २३ गते सोमबारको दिन दिनको १:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ११६ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| **क्र.सं** | **नाम, थर** | **पद** | **हस्ताक्षर** |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री कविता खत्री (का.बा.वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकरमान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १९. | प्रमुख प्रशासकीय अधिकृत श्री भोला प्रसाद चापागाई | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (यो.अ.तथा प्रशासकीय अधिकृत)
२. श्री गणेश गुरुङ (लेखा अधिकृत)
३. श्री ननिता खत्री (कानुनी सहजकर्ता)

मिति २०७८/११/२२ गते नगर प्रमुखज्यूबाट मिति २०७८/११/२३ गते नगर कार्यपालिकाको ११६ औं कार्यपालिका बैठकमा पेश गर्ने आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | सशस्त्र प्रहरी बललाई दमकल हस्तान्तरण सम्बन्धमा । | • यस कार्यालयमा रहेको दमकल व्यवस्थापनमा प्राविधिक जनशक्तिको अभावले अर्को व्यवस्था नभएसम्मका लागि निम्नानुसारको शर्तहरु रहने गरी चोभार, काठमाडौं स्थित सशस्त्र प्रहरी गणलाई दमकल सञ्चालनको लागि जिम्मेवारी दिने ।<br>**शर्तहरु**<br>१) सशस्त्र प्रहरी गणले यस नगरपालिकाको स्वामित्वमा रहेको दमकल सञ्चालन तथा व्यवस्थापन गर्नु पर्ने । सशस्त्र प्रहरी गणले यसरी दमकल सञ्चालन गर्दा नगरपालिकालाई आवश्यक परेको समयमा तत्काल सेवा प्रदान गर्नु पर्ने ।<br>२) दमकल सञ्चालन गर्दाको लगवुक अनुसारको ईन्धन र सम्वन्धित कम्पनीमा गरिने नियमित तथा आकस्मिक मर्मत खर्च नगरपालिकाले बेहोर्नु पर्ने ।<br>३) दमकल सञ्चालन गर्न एकजना चालकको बिमा लगायत नेपाल सरकारले तोके अनुसारको पारिश्रमिक नगरपालिकाले बेहोर्नु पर्ने । अन्य सहयोगी कर्मचारीहरुको व्यवस्था र उक्त कर्मचारीहरुको बिमा सशस्त्र प्रहरी गणलेनै व्यवस्थापन गर्नु पर्ने ।<br>४) यस सम्झौताको अवधि वि.सं.२०८० असार मशान्त सम्म रहनेछ र अवधि समाप्त भए पछि आपसी सहमतिमा सम्झौताको अवधि थप गरिने ।<br>५) यस सम्झौतामा कुनै नयाँ विषयहरु थप्नु वा भएका विषयहरुमा संसोधन गर्नु परेमा दुवै पक्षको आपसी सहमतिका आधारमा गरिने ।<br>६) यस सम्झौतामा लेखिए देखि वाहेकका अन्य कुरा प्रचलित कानून बमोजिम हुने । |
| २. | नगर अस्पताल निर्माण सम्बन्धमा । | • नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट १५ शैयाको नगर अस्पताल निर्माण हुने स्थान यस नगरपालिकाको साविक फर्पिङ भिमसेन स्थान गा.वि.स., सिट नं.४ को कि.नं.४९९ र ५०२ को पूर्वपट्टी ऐ.ऐ.सिट नं.२ को कि.नं.१५१, ३४९, ३४४, ३४३ र ३४५ को दक्षिणपट्टी रहेको क्षेत्रफल १५ रोपनी पर्ति जग्गामा अस्पताल निर्माण गर्न जिल्ला प्रशासन कार्यालय, काठमाडौं तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने ।<br>• यस नगरपालिका वडा नं. ६ मा रहेको मनमोहन स्मृती सामुदायिक अस्पताललाई नगर अस्पतालको रुपमा परिणत गर्नका लागि नगर प्रमुखबाट स्वीकृत भएको कार्यविवरण अनुसार अध्ययन गरी प्रतिवेदन पेश गर्नको लागि निम्नानुसारको समिति गठन गर्ने ।<br>संयोजक - नगर उपप्रमुख, बसन्ती तामाङ डंगोल<br>सदस्य - ९ नं. वडा अध्यक्ष, अमृका बलामी |

भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | सदस्य - ४ नं. वडा अध्यक्ष, पुष्कर खड्का<br>सदस्य - ५ नं. वडा अध्यक्ष, श्याम बहादुर खत्री<br>सदस्य - ६ नं. वडा अध्यक्ष, शंकरमान महर्जन<br>सदस्य - ७ नं. वडा अध्यक्ष, हरि प्रसाद तिमल्सेना<br>सदस्य - कार्यपालिका सदस्य, राजेश परियार<br>सदस्य - प्राविधिक विज्ञ, गंगा बहादुर बस्नेत<br>सदस्य - यो.अ.तथा प्रशासकीय अधिकृत, दिपक कुमार के.सी.<br>सदस्य - लेखा अधिकृत, गणेश गुरुङ<br>सदस्य - स्वास्थ्य शाखा प्रमुख, विष्णु प्रसाद जैसी |
| ३. | एम्बुलेन्सलाई शवबाहनमा परिणत गर्ने सम्बन्धमा । | • यस नगरपालिकाबाट नयाँ एम्बुलेन्स सञ्चालनमा ल्याईएको हुदाँ विगतमा सञ्चालनमा भईरहेको प्राथमिक स्वास्थ्य केन्द्र, चाल्नाखेलको नाममा दर्ता रहेको बा १ झ ८९६४ नं.को एम्बुलेन्सलाई शवबाहन बनाउन यातायात व्यवस्था विभाग, बागमती प्रदेश र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने । |
| ४. | मनमोहन स्मृति सामुदायिक अस्पताल नविकरण सम्बन्धमा । | • दक्षिणकाली नगरपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०७७ को दफा ११ मा व्यवस्था भए बमोजिमको अनुगमन समितिको सिफारिसमा यस नगरपालिका वडा नं.६ मा रहेको मनमोहन स्मृति सामुदायिक अस्पताललाई २०७९ असार मसान्त सम्मका लागि नविकरण गर्ने । |
| ५. | स्व.रामशरण बस्नेतको जग्गा सम्बन्धमा (अरुणोदय मा.वि.) । | • दक्षिणकाली नगरपालिका ५ नं. वडा कार्यालयको च.नं.७३२, मिति २०७८/०९/२३ को पत्रानुसार उक्त वडामा रहेको "अरुणोदय माध्यमिक विद्यालयको च.नं.९४, मिति २०७८/०९/२२ गतेको पत्रबाट त्यस विद्यालयमा वि.सं.२०३५ सालमा माध्यमिक तहको स्वीकृति प्राप्त गर्न विद्यालयको आफ्नो जग्गा हुनुपर्ने प्रावधान भएको हुदाँ विद्यालयसँग जोडिएको स्व. रामशरण बस्नेतको नाममा दर्ता भएको का.जि.शेषनारायण गा.वि.स.वडा नं.५ को कि.नं.२३ को क्षेत्रफल २-०-०-० जग्गा र विद्यालयको नाममा रहेको का.जि. शेषनारायण गा.वि.स.वडा नं.३(क) को कि.नं.२३१ को क्षेत्रफल ४-४-०-० जग्गा सट्टापट्टा गर्ने सम्बन्धमा तत्कालिन विद्यालय सहयोग समितिको २०३४/१२/२१ को बेठकको निर्णयानुसार निज स्व. रामशरण बस्नेतको नाममा दर्ता भएको उल्लेखित शेषनारायण गा.वि.स.वडा नं.५ को कि.नं.२३ को जग्गा विद्यालयको नाममा रजिस्ट्रेसन पास गरी दिएको, सो को सट्टा विद्यालयको नाममा रहेको उल्लेखित शेषनारायण ३(क), कि.नं.२३१ को क्षेत्रफल ४-४-०-० जग्गा विद्यालयले पास गरी रामशरण बस्नेतलाई दिने सम्बन्धमा मिति २०४१/०९/२३ गतेको सञ्चालक समिति र हालको विद्यालय व्यवस्थापन समितिको २०७८/०८/१९ गते गरेको निर्णय सहित उक्त विद्यालयको नाममा रहेको का.जि. शेषनारायण गा.वि.स.वडा नं.३(क), कि.नं.२३१ को क्षेत्रफल ४-४-०-० जग्गा स्व.रामशरण बस्नेतको हकदारहरुको नाममा रजिस्ट्रेसन गर्नको लागि नगर कार्यपालिकाको निर्णय सहित नेपाल सरकार मन्त्रिपरिषद्मा निर्णयार्थ सिफारिस" माग भएकोले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा नेपाल सरकारलाई सिफारिस साथ अनुरोध गर्ने । |

भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ६. | आ.ब.०७९/०८० को लागी प्रदेश समपुरक तथा विशेष अनुदान आयोजना प्रस्ताव सम्बन्धमा । | • आगामी आ.ब.०७८/०७९ को लागी प्रदेश समपुरक अनुदान सम्बन्धी आयोजना/कार्यक्रम को प्रस्ताव प्रदेश समपुरक अनुदान कार्यविधि, २०७७ बमोजिम निम्नानुसारका आयोजनाहरु यस नगरपालिकाको समपुरक कोषबाट ५० प्रतिशत लागत सहभागिता हुने गरी तिन आ.ब.भित्र सम्पन्न हुने गरी बहुवर्षिय आयोजनाको रुपमा निम्नानुसारको आयोजनाहरु प्रस्ताव गर्ने ।<br>१. डाँडिखेल मोटर बाटो स्तरोन्नती (कृषि सडक) क्रमागत, द.न.पा.९ (क्रमागत)<br>२. चाल्नाखेल-ग्वाल्दह-पाखाचोक-दक्षिणकाली सडक स्तरोन्नती (कृषि सडक) द.न.पा.१ र २ (क्रमागत)<br>३. मनकामना मोटर बाटो स्तरोनन्नती (कृषि सडक), द.न.पा.६<br>४. ढेवि भाजंगल कृष्ण मन्दिर हुदै बलामी गाउं जाने सडक स्तरोन्नती (कृषि सडक), द.न.पा.९<br>• आगामी आ.ब.०७८/०७९ को लागी प्रदेश विशेष अनुदान सम्बन्धी आयोजना/कार्यक्रमको प्रस्ताव प्रदेश विशेष अनुदान कार्यविधि, २०७७ बमोजिम निम्नानुसारका आयोजनाहरु यस नगरपालिकाबाट तिन आ.ब.भित्र सम्पन्न हुने गरी बहुवर्षिय आयोजनाको रुपमा निम्नानुसारको आयोजनाहरु प्रस्ताव गर्ने ।<br>१. समुदायको लागी खानेपानी आयोजना, द.न.पा.२<br>२. युटिकी खरिबोट पहिरो रोकथाम (विपद् व्यवस्थापन), द.न.पा.७<br>३. चाल्नाखेल बृहत खानेपानी आयोजना, द.न.पा.१ |
| ७. | आयोजना/कार्यक्रमको म्याद थप सम्बन्धमा । | • चालु आ.ब.०७८/०७९ मा सञ्चालन हुने गरी स्वीकृत वडा तथा नगरस्तरिय आयोजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने म्याद अन्तिम पटकका लागि २०७८ चैत्र मसान्तसम्म थप गर्ने । |
| ८. | नगरपालिका प्रशासनिक भवन निर्माण सम्बन्धमा । | • (क) यस कार्यापालिकाको ८१ औं र ८३ औं बैठकको निर्णय बमोजिमको स्थान साविक शेषनारायण गा.वि.स. वडा नं. ३ (क) हाल दक्षिणकाली नगरपालिका वडा नं ५, कि.नं. २१० (पर्ति), क्षेत्रफल ४-१३-०-० जग्गामा यस नगरपालिकाको प्रशासनिक भवन निर्माण गर्ने ।<br>(ख) नगरपालिकाको प्रशासनिक भवन निर्माणको लागि माथी उल्लेखित जग्गा लिजमा लिनका लागि नेपाल सरकारलाई अनुरोध गर्ने ।<br>(ग) बुदाँ नं. (ख) बमोजिमको जग्गामा यस नगरपालिकाको प्रशासनिक भवन निर्माणका लागी परियोजना प्रस्ताव तयार गरी सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को बुदाँ नं.१० बमोजिमको सिफारिस समितिमा मालपोत कार्यालय, कलंकी मार्फत् पेश गर्ने ।<br>(घ) मिति २०७८/०९/२५ गते बसेको नगर स्तरिय विपद् व्यवस्थापन समितिको बैठकको निर्णय बमोजिम उक्त प्रस्तावित स्थान विपद्को समयमा खुल्ला स्थानको रुपमा प्रयोगमा ल्याउन नपर्ने/प्रयोगमा नआउने भन्ने निर्णय भए बमोजिम सोही व्यहोरा जिल्ला विपद् व्यवस्थापन समिति, काठमाडौंलाई सिफारिस गर्ने । |
| ९. | अपाङ्गग्राम निर्माण तथा सञ्चालन सम्बन्धमा । | • अपाङ्गग्राम निर्माण तथा सञ्चालन कार्यविधि, २०७८ मा भएको व्यवस्था अनुसार अपाङ्गग्राम पूर्वाधार निर्माणका लागि यस दक्षिणकाली नगरपालिका वडा नं.२ साविक सोखेल गा.वि.स.वडा नं.६(छ) को |

भोला प्रसाद थापा
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | कि.नं.१३८ र १०१ जग्गामा अपाङ्गग्राम निर्माणका लागि बागमती प्रदेश, सामाजिक विकास मन्त्रालय तथा नेपाल सरकार महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिहँदरबार, काठमाडौंलाई अनुरोध गर्ने । |
| १०. | Dialysis केन्द्र स्थापना सम्बन्धमा । | • यस नगरपालिका भित्र थुपै मृगौला रोगबाट पिडित बिरामीहरु रहेकोले सोको उपचारका लागी Dialysis गर्न काठमाडौंसम्म आवतजावत गर्न कठिनाई भएको हुदाँ यस नगरपालिका भित्र Dialysis गर्ने उपचार केन्द्र स्थापना गर्न आवश्यक भएकोले यस नगरपालिकाको वडा नं. ५, चिन्ता गणेश मन्दिर रहेको सार्वजनिक जग्गामा Dialysis केन्द्रको भवन निर्माण गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् भारतिय राजदुतावासलाई बजेट विनियजनका लागि अनुरोध गर्ने । |
| ११. | स्थानिय तहको संस्थागत क्षमता स्वमुल्याङ्कन सम्बन्धमा । | • दक्षिणकाली नगरपालिकाको आ.व.०७७/०७८ को संस्थागत क्षमता स्वमूल्यांकनमा प्राप्त ४३.५ अंकलाई अनुमोदन गर्ने तथा सो अंक आगामी नगरसभामा पेश गर्ने, न्यून अंक प्राप्त भएको अवस्थालाई मध्यनजर गर्दै आगामी दिनका लागि यस नगरपालिकाको क्षमता विकास, आवश्यक कार्यविधि, मापदण्ड तयार गर्नका लागि आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था गर्ने । |
| १२. | विविध । | • यस नगरपालिकाको धार्मिक ऐतिहासिक क्षेत्रहरुलाई समेटेर किताब तयार गरि छपाईको लागि सचिवालय व्यवस्थापन शिर्षकबाट खर्च हुने गरी रु.२०००००।- विनियोजन गर्ने ।<br>• मदन भण्डारी पुस्तकालयलाई प्रदेश सरकारबाट प्राप्त रु.२०,००,०००।- (बिस लाख रुपैयाँ) र यस नगरपालिकाबाट गत आ.ब.मा विनियोजित रकम रु.१०,००,०००।- (दश लाख रुपैयाँ) बाट दक्षिणकाली क्षेत्र विकास समितिको च.नं.६१, मिति २०७८/१०/१३ गतेको निर्णय सहितको पत्रानुसार द.न.पा.७ को वडा कार्यालय नजिक बहुउद्देश्यिय व्यवसायिक भवन निर्माण गर्ने ।<br>• यस नगर कार्यपालिकाका सदस्य श्रीमती मिना मगरको ममतामयी सासुआमा वर्ष ८० का श्रीमती मिश्री मगरको मिति २०७८/११/०२ गते असामहिक निधन भएको हुदाँ मृत आत्माको चिर शान्तीको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौ । |

भोला प्रसाद घापागाई
प्रमुख प्रशासकीय अधिकृत